# स्थानीय राजपत्र

# गढवा गाउँपालिका

प्रदेश नं ५स्थानीय सरकारद्वारा प्रकाशित ,

खण्ड : १ (देउखुरी,दाङ ,कार्तिक ३० गते) साल २०७४ ,संख्या : ५

## भाग-२

## स्थानीय सरकार

## गढवा गाउँपालिकाको सूचना

नेपालको संबिधानको धारा २२२ बमोजिम गढवा गाउँपालिकाको गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको नियमावली सर्बसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# गढवा गाउँपालिका दाङ

## सुत्केरी स्याहार प्रोत्साहन पोषण भत्ता कार्यबिधि, २०७४

## प्रस्तावना

मातृ तथा शिशु मृत्युदर घटाउनुको साथै उच्चतम मानसिक, शारीरिक, बृद्धि विकाश गर्नका लागि सुरक्षित मातृ स्याहार गर्न अपरिहार्य भएकोले सुरक्षित मातृत्वको क्षेत्रमा सुनौलो हजार दिनका महिलाका लागि लगानी गर्न जरुरी भएको हुदा मातृ र शिशु मृत्युदर कम गर्ने गुणस्तरीय स्वास्थ्य सेवा बढाउने आमा र वालवालिको स्वास्थ्यमा सुधार ल्याई स्वस्थ समाज निर्माण गर्न साथै नेपालको संविधान वमोजिम आधारभूत स्वस्थ सेवा पाउने जनताको संवैधानिक अधिकार स्थापित गर्नको लागि **"शिक्षा र स्वास्थ्यमा लगानी स्वस्थ जिन्दगानी"** भन्ने गढवा गाउँपालिकाको अवधारणालाई सफल कार्यान्वयन गर्न **सुत्केरी स्याहार प्रोत्साहन पोषण भत्ता कार्यबिधि** २०७४ गढवा गाउँपालिका गाउँकार्यपालिकाको मिति २०७४/०७/३० गतेको वैठकको निर्णयनुसार स्वीकृत गरी लागु गरिएको छ ।

## परिच्छेद –१

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

१) यो कार्यविधिको नाम सुत्केरी स्याहार प्रोत्साहन पोषण भत्ता कार्यविधि २०७४ रहेको छ ।

२) यो  कार्यबिधि तुरुन्त लागु हुनेछ| ।

## २. परिभाषा :

**१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा** यस कार्यविधिमा -

(क)“**सुत्केरी स्याहार प्रोत्साहन पोषण भत्ता**”भन्नाले गढवा गाउँपालिकाले महिला र बालबालिकाको स्वास्थ्यमा सुधार ल्याउनको लागि ल्याइएको विशेष स्वास्थ्य कार्यक्रम भनी बुझ्नु पर्दछ ।

(ख) “**लक्षित वर्ग**”भन्नाले गर्भवति भए देखी सुत्केरी भएको ३५ दिन भित्रका गढवा गाउँपालिकाका स्थायी वा अस्थायी बासिन्दा हुनु भनि सम्झनु पर्ने छ ।

(ग) “**सुत्केरी स्याहार प्रोत्साहन पोषण भत्ता कार्यक्रम**” भन्नाले गढवा गाउँपालिकाभित्रका स्वास्थ्य संस्थामा वा नेपाल सरकारले सुचिकृत गरेको स्वास्थ्य संस्थामा  सुत्केरी भएका महिला को पोषण स्थितिमा सुधार ल्याउन  आमा र बच्चाको स्वस्थ्य सुधार गर्नका लागि गढवा गाउँपालिकाले ल्याएको महिला र बालवालिका को विषेश कार्यक्रम हो ।

(घ)   **गाउँपालिका भन्नाले गढवा गाउँपालिका भन्ने सम्भनु पर्ने छ ।**

**ङ) प्रोटोकल भन्नाले गर्भवती आमा बच्चा लाई स्वस्थ र स्वास्थ्य सेवा उपभोग गर्न तपसील अनुसारको कार्यलाई सम्झनु पर्छ**

I) पहिलो गर्भवती जाँच – गर्भ रहेको चौँथो महिनामा ( जुकाको औँषधी / टि. डि. खोप / आईरण चक्की सुरुवात गर्नू

II) दोस्रो जाँच – गर्भ रहेको ६ महिनामा (टि.डि खोप लागाउनु/आईरण चक्की नियमित खानु (दोश्रो गर्भमा टि.डि. लगाउनु पर्दैन ।)

III) तेस्रो जाँच – गर्भ रहेको आठौं महिनामा ( आईरण चक्की नियमित खान,स्वास्थ्य जाच गराउन)

IV) चौँथो जाँच –गर्भ रहेको नवौं महिनामा ( आईरण चक्की नियमित खान, ,स्वास्थ्य जाच गराउन र सुत्केरीको लागी पुर्व तयारी

२. सुत्केरी स्याहार प्रोत्साहन पोषण भत्ता प्राप्त गर्न देहायका प्रमाणहरु पेश गर्नु पर्ने छ ।

चार महिनामा लाग्ने वित्तीकै देखि सुत्केरी भएको ४५ दिन सम्म आईरन चक्की नियमित खाएको,एक पटक जुकाको औषधी खाएको ४ महिना ६ महिना ८ महिना र ९ महिनामा अनिवार्य गर्भजाँच गराएको,टि.डी.खोप लगाएको, प्रसुती सेवा नेपाल सरकारको सूचीकृत स्वास्थ संस्था बाट लिएको २४ घण्टामा ३ दिनमा र ७ दिनमा सुत्केरी जाँच सेवा लिएको सुनिश्चित गरिएको कागजात ,सुत्केरी भएको

४५ दिन भित्र भिटामिन ए क्याप्सुल खाएको र ३५ दिन भित्र वडा कार्यालयमा जन्मदर्ता गराएको प्रमाणपत्रहरु पेश गर्नू पर्ने छ ।

२) सुत्केरी स्याहार प्रोत्साहन पोषण भत्ता कार्यक्रम ल्याउनुको मुख्य उद्देश्य आमा र बच्चा लाई गुणस्तरीय स्वस्थ्य सेवा दिनु असल पारिवारिक वातावरण पोषण युक्त खाद्यय वस्तु उपभोग गर्नु स्वास्थ खानेपानी र सरसफाइ पोषण गुणस्तरीय स्वास्थ्य सेवा उपभोग  सुरक्षित प्रसुति सेवा लिनु आमा र शिशुको मृत्यु दरमा कमी ल्याउनु महिला र बालवालिका मैत्री सेवा विस्तार गर्नू निरोगी सुपोषित र स्वावलम्वी नागरिक निर्माण गर्नु यस कार्यक्रमको मुख्य उद्देश्य हो ।

## परिच्छेद – २

### (क).कार्यान्वयन कार्यविधि

१) प्रसुती स्याहार प्रोत्साहन पोषण भत्ता आर्थिक वर्ष २०७४/०७५ देखि लागू हुनेछ ।

२) प्रसुती स्याहार प्रोत्साहन पोषण भत्ता गढवा गाउँपालिकाको १ देखि ८ वडामा एकै साथ लागु हुनेछ ।

३) प्रसुती स्याहार प्रोत्साहन पोषण भत्ता प्राप्त गर्न लाई प्रत्येक गर्भवती आमाले प्रोटोकल अनुसार र प्रसुती स्याहारर प्रोत्साहन पोषण भत्ता कार्यविधि अनुसार पुरा रकम उपलब्ध गराईने छ । नियम पुरा नभए रकम उपलब्ध गराउन बाध्य हुने छैन ।

४) प्रशुती स्याहार  प्रोत्साहन पोषण भत्ता रकम रु. ४,०००। ( अक्षेरुपी चार हजार) हुने छ । यो रकम दुई किस्ता गरि दिइने छ । चार पटक गर्भ जाँच र शुचीकृत स्वास्थ्य संस्थामा प्रशुती सेवा लिएमा रु.५,०० र ४०० गरि जम्मा रु. ९,००। प्रशुती सेवा लिएका संस्था वाट प्राप्त हुने छ ।

५) दोस्रो किस्ता रकम रु. ३१,००। (अक्षेरुपी तिन हजार एक सय) गढवा गाउँपालिकाको वडा कार्यालयबाट उपलब्ध गराईने छ । सो रकम प्राप्त गर्नको लागि परिच्छेद २ को कार्यान्वयन कार्यविधि ४ नं. बूदा अनुसार उपलब्ध गराइने छ ।

६) प्रसुती स्याहार प्रोत्साहन पोषण भत्ता एक जना महिला लाई दुई वटा बच्चा वा दुई पटक प्रशुती सेवा सम्म मात्र उपलब्ध गराईने छ ।

७)कुनै पनि गर्भवतीले प्रोटोकल अनुसार गर्भवती जाँच नगराएतापनि प्रसुती सेवा सूचीकृत स्वास्थ्य संस्थामा लिएको प्रोटोकल अनुसार २४ घण्टामा ३ दिनमा र ७ दिनमा स्वास्थ्य संस्थामा,सुत्केरी जाँच सेवा लिएको कागजात र ३५ दिन भित्र वडा कार्यालयमा जन्मदर्ता गराएको कागजात पेश गरेमा  रु.२,०००। (अक्षेरुपी दुइ हजार) उपलब्ध गराईने छ यो रकम पनि दुई कीस्ता मा हुने छ रु.५,००। (अक्षेरुपी पाँच सय) सम्बन्धित प्रसुती भएको संस्था बाट उपलब्ध गराइने छ  र रु.१५,००। (अक्षेरुपी एक हजार पाँच सय मात्र) सम्वन्धीत वडा कार्यालय वाट उपलब्ध गराईने छ

८) कुनै पनि महिलाले पहिलो श्रीमान् वाट बच्चा पाए पनि दोस्रो विवाह गरिबच्चा पाएमा सो महिला लाई पनि दुई वटा बच्चा सम्मलाई भत्ता उपलब्ध गराईने छ ।

९) प्रसुती सेवा स्वास्थ्य संस्था वाट लिदा बच्चा पहिलै पेट भित्र मरेको वा जन्मीसकेपछि मरेमा उक्त बच्चाको जन्मदर्ता नभएतापनि प्रशुती स्याहार प्रोत्साहन पोषण भत्ता उपलब्ध गराउन बाट बन्चीत गरिने छैन ।

१०) सामाजिक,आर्थिक, भौगोलिक रुपमा टाढा भई स्वास्थ्य चेतनाको अभाब जानकारी नभई स्वास्थ्य सेवाको पहुँच बाट टाढा र सामाजिक रुपमा विभेद मा पारिएका महिलाहरुको घरैमा प्रसुती भएता पनि सुत्केरी जाँच गराएमा र ३५ दिन भित्रमा बच्चाको जन्मदर्ता गराएमा तथा गढवा गाउँपालिकाको स्थायी वा अस्थायी बासिन्दा भएमा प्रसुती स्याहार प्रोत्साहन पोषण भत्ता एक मुस्टरुपमा रु.१,०००। ( अक्षेरुपी एक हजार) सम्बन्धीत जन्मदर्ता गराएको वडा कार्यलय बाट उपलब्ध गराईने छ ।

(ख) <u>कार्यविधिको व्याख्या र विश्लेषण</u>

१. यो कार्यविधि गाउँकार्यपालिकाबाट पारित भएको मितिदेखि लागु हुनेछ|

२. कार्यविधि लागु हुनुपूर्व भए गरेका काम कारबाहीहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ|

३.यस कार्यविधिमा जुनसुकै कुरा लाखिएको भएतापनि कार्यविधिमा उल्लेख भएका कुनै बिषय पर्चलित कानुन संग बझिएमा भाझिएको हदसम्म स्वत अमान्य हुनेछ|

“स्वस्थ आमा स्वस्थ शिशु स्वस्थ परिवार सामाजिक विकाशको मुल आधार”

प्रमाणीकरण मितिः २०७४/०७/३०

आज्ञाले,
ऋषिराम केसी.
प्रमुख प्रशासकिय अधिकृत